पत्रसंख्या : शा.रे.डे.बै.लि./२०८२/०८३/१७९५

**मिति : २०८२/०८/०४**

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
युएनआई शान्तिमार्ग
भद्रकाली, काठमाण्डौं ।

**बिषय : <u>सत्रौं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द (Book Close) सम्वन्धमा</u> ।**

**महोदय,**

उपरोक्त सम्वन्धमा शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०८२ मंसिर ०४ गते अपरान्ह ४.०० बजे बसेको सञ्चालक समितिको ३२०औं बैठकको निर्णयानुसार सत्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले वार्षिक साधारण सभा तथा प्रस्तावित बोनश शेयर तथा नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) प्रयोजनार्थ मिति २०८२/०८/१२ गते शेयरधनी दर्ता किताव वन्द (Book Close) रहने व्यहोरा जानकारीको लागी अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल मंसिर २६ गते, शुक्रवार (तद्नुसार डिसेम्बर १२, २०२५) ।
समय : अपरान्ह १२ : ३० बजे ।
स्थान : होटल सेफ्रन सि.के. प्रा.लि. (हायात प्लेस), बुटवल, रुपन्देही ।

**छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु :**

१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुने रकम रु. ४८,७५,७०,१६७/९५ (अक्षरेपी अठचालिस करोड पचहत्तर लाख सत्तरी हजार एक सय सतसठ्ठी रुपैंया र पैसा पन्चानब्बे मात्र) बराबरको नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्विकृत गर्ने ।
४. आर्थिक बर्ष २०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ३ (तीन) प्रतिशतले हुन आउने रकम रु. १४,६२,७१,०५०/३९ (अक्षरेपी चौध करोड बैसट्ठी लाख एकहत्तर हजार पचास रुपैंया र पैसा उन्चालिस मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने ।
२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने

सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**भवदीय,**

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

..................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव